जि.प्रशा.का.दर्ता नं. १०१/०८०/८१

“निष्पक्ष जनपक्षीय सवालको निर्भीक आवाज”

# संवाहक


राष्ट्रिय दैनिक Samvahak National Daily

**सूचना**

संवाहक राष्ट्रिय दैनिकको लागि स्तरीय लेख, रचना, फिचर, प्रेस विज्ञप्ति, आदि प्रेषित गर्न चाहनु हुन्छ भने कृपया विज्ञापनको लागि फोन नं.: ९८०६८१४३०२ मा प्रेषित गर्नुहोला।

वर्ष : ४ | अंक : २१ | २०८३ साल बैशाख २४ गते, बिहीबार | Thursday, May.– 07 2026 | मूल्य रु. ५/- पृष्ठ : ४

## सीमा तस्करी सञ्जाल बारा- पर्सा- रौतहटसम्म सक्रिय, “खेना-सियाराम” को अबैध कारोबार निर्धक मौलायो





***संवाहक सम्वादाता-२३ बैशाख, कलैया***

बाराको नेपाल-भारत सीमाक्षेत्रमा तस्करी गतिविधि फेरि तीव्र बनेको भन्दै स्थानीयस्तरमा गम्भीर चिन्ता व्यक्त गरिएको छ। विशेषगरी ‘खेना’ समूह र स्थानीय व्यापारी सियारामबीच सहकार्य रहेको आरोपसहित तस्करी सञ्जाल अझ संगठित रूपमा अघि बढिरहेको दाबी गरिएको छ।

स्थानीय स्रोतका अनुसार भारतको बिहारतर्फबाट सुरु हुने अवैध कारोबार पिपरपाती, कवहीगोठ, बेलदारी हुँदै कलैयासम्म फैलिएको छ। रात्रीकालीन समयमा भारतीय मोटरसाइकलमार्फत कपडा, चकलेट, काजु लगायतका सामग्री सीमापार गराइने र ती सामानहरू पिपरपाती तथा रामनगर क्षेत्रमा स्टक गरिने गरिएको आरोप छ।

त्यसपछि कुडवा, कोतवाली र आसपासका क्षेत्र हुँदै पिकअप तथा अन्य सवारीमार्फत सामान कलैयाका गोदामसम्म पुऱ्याइने संरचित प्रणाली सक्रिय रहेको स्थानीयले बताएका छन्। त्यहाँबाट सुमो र हाइस गाडीमार्फत छतमाथि समेत लोड गरेर काठमाडौंसम्म पठाइने गरेको दाबी छ।

स्रोतका अनुसार ‘खेना’ समूहले सीमावर्ती नाकाहरूलाई सुरक्षित मार्गका रूपमा प्रयोग गर्दै कारोबार सञ्चालन गरिरहेको छ भने स्थानीय कपडा, फूल र माछा व्यवसायसँग जोडिएका सियारामजस्ता व्यक्तिहरूको सहकार्यमा वितरण प्रणाली बलियो बनाइएको आरोप छ।

भारततर्फका केही व्यक्तिहरू नेपालमा डेरा जमाएर सक्रिय रहेको र उनीहरूको समन्वयमा तस्करी सञ्जाल सञ्चालन भइरहेको दाबी पनि गरिएको छ। यसले सीमावर्ती क्षेत्रमा अवैध कारोबार अझ व्यवस्थित र विस्तारित बनेको स्थानीयको बुझाइ छ।

यता सुरक्षा निकायको उपस्थिति भए पनि प्रभावकारी नियन्त्रण नदेखिएको भन्दै आलोचना बढेको छ। कतिपय स्थानमा निगरानी कमजोर भएको र “सेटिङ”का कारण तस्करी नियन्त्रण हुन नसकेको स्थानीयको आरोप छ।

लागुऔषध, मदिरा र अवैध रकमसमेत सीमापार हुने गतिविधि बढेको भन्दै स्थानीयले कडा निगरानी, निष्पक्ष अनुसन्धान र संयुक्त सुरक्षा अभियानको माग गरेका छन्।

## पाठ्यपुस्तकमा “सिन्डिकेट” आरोप, निजी विद्यालय र प्रकाशकको मिलेमतोमा अभिभावक मारमा

***संवाहक सम्वादाता-२३ बैशाख, कलैया***

बाराको कलेया , वीरगञ्ज र जनकपुरधामका निजी विद्यालयहरूमा पाठ्यपुस्तकको नाममा ‘सिन्डिकेट’ चलिरहेको आरोप सार्वजनिक भएको छ। निजी प्रकाशक, पुस्तक बिक्रेता र विद्यालय सञ्चालकबीचको मिलेमतोका कारण अभिभावकहरू महँगो पुस्तक किन्न बाध्य बनाइएको गुनासो बढ्दै गएको छ। भर्ना अभियान चलिरहेका बेला महानगरपालिकाहरूले अनुगमन तीव्र बनाएको दाबी गरे पनि व्यवहारमा भने पाठ्यक्रम विकास केन्द्रको मापदण्ड विपरीतका तथा स्वीकृति नभएका अतिरिक्त पुस्तकहरू अनिवार्यजस्तै बनाएर पढाइ भइरहेको अभिभावकहरूको




आरोप छ। कतिपय पुस्तकहरूमा पाँच सय प्रतिशतसम्म मूल्य वृद्धि भएको दाबीसमेत गरिएको छ।

शैक्षिक प्रशासनका अधिकारीहरूले मापदण्डअनुसारकै पुस्तक लागू गराउन अनुगमन भइरहेको र नियम विपरीत भेटिए कारबाही गरिने बताएका छन्। तर, अधिकांश निजी विद्यालयहरूले ३ देखि ५ वटासम्म अतिरिक्त पुस्तक अनिवार्य बनाएर पठनपाठन गराइरहेको भेटिएको छ। पुस्तक व्यवसायी र अभिभावकका

बाँकी तेस्रो पृष्ठमा

## भारतीय सवारीसाधनको भन्सार अब अनलाइनबाटै, लाइन र झन्झट अन्त्य

***वीरगञ्ज, वैशाख २३।***

सरकारले भारतलगायत विभिन्न मुलुकबाट नेपाल आउने पर्यटकका लागि ठूलो सहजीकरण गर्दै विदेशी सवारीसाधनको अस्थायी इजाजत (टीआईभी) अब अनलाइनमार्फत लिन सकिने व्यवस्था लागू गरेको छ। यससँगै भन्सार नाकामा लामो लाइन बस्ने, कागजी प्रक्रिया पूरा गर्ने र समय खेर जाने झन्झट अन्त्य हुने भएको छ।

अर्थ मन्त्रालयअन्तर्गत भन्सार विभागले विकास गरेको यो डिजिटल प्रणाली मंगलबार अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले औपचारिक रूपमा शुभारम्भ गरेका हुन्। नयाँ व्यवस्थाअनुसार अब नेपाल प्रवेश गर्ने पर्यटकले आफ्नो




सवारीसाधनको विवरण, भन्सार शुल्क तथा अस्थायी इजाजत सबै अनलाइनबाटै घरमै बसेर पूरा गर्न सक्नेछन्।

यसअघि भन्सार नाकामा पुगेर भौतिक रूपमा अनुमति लिनुपर्ने, फाराम भर्नुपर्ने तथा नवीकरणका लागि पुनः नाकामै जानुपर्ने बाध्यता थियो। तर अब अनलाइन प्रणाली लागू भएपछि प्रक्रिया पारदर्शी, छरितो र सहज हुने सरकारको दाबी छ।

भन्सार विभागका महानिर्देशक श्यामप्रसाद मैनालीका अनुसार अब पर्यटकले आफ्नो सवारीसाधनको

बाँकी तेस्रो पृष्ठमा

## राष्ट्रिय परिचयपत्र बनाउन बारामा अनलाइन फाराम अनिवार्य नहुने व्यवस्था लागू

***संवाहक सम्वादाता-२३ बैशाख, कलैया***

बारा जिल्ला प्रशासन कार्यालयले राष्ट्रिय परिचयपत्र बनाउने प्रक्रियालाई थप सरल बनाउँदै नयाँ व्यवस्था लागू गरेको छ। अब नागरिकले परिचयपत्रका लागि अनिवार्य रूपमा अनलाइन फाराम भर्नुपर्ने बाध्यता हटाइएको छ।

जिल्ला प्रशासन कार्यालयका अनुसार सेवाग्राहीहरूले अनलाइन फाराम भर्दा भोग्दै आएको प्राविधिक समस्या र झन्झट कम गर्न यो निर्णय कार्यान्वयनमा ल्याइएको हो। गृह मन्त्रालयको निर्णय र सम्बन्धित सूचना प्रणालीबीच अन्तरआबद्धता भएपछि सेवा प्रक्रियामा परिवर्तन गरिएको बताइएको छ।

नयाँ व्यवस्थाअनुसार २०८२ चैत ८ गतेपछि नागरिकता प्राप्त गर्ने नागरिकहरूले नागरिकता प्रमाणपत्र लिएपछि सिधै राष्ट्रिय परिचयपत्र




शाखामा गएर सेवा लिन सक्नेछन्। यसका लागि छुट्टै अनलाइन आवेदन आवश्यक नपर्ने व्यवस्था गरिएको छ।

तर उक्त मितिभन्दा अघि नागरिकता प्राप्त गरिसकेका नागरिकका लागि भने पुरानै प्रक्रिया कायम रहनेछ। उनीहरूले अनलाइन फाराम भरेर मात्र सेवा लिनुपर्ने व्यवस्था यथावत रहने जिल्ला प्रशासन कार्यालयले जनाएको छ।

नयाँ प्रणाली लागू भएपछि सेवा प्रवाह छिटो, सहज र कम झन्झटिलो हुने अपेक्षा गरिएको छ।

## कीर्तिपुरमा दिउँसै धारिलो हतियार प्रहार गरी युवकको हत्या, तीन जना पक्राउ

***काठमाडौं, वैशाख २३।***

कीर्तिपुरमा दिउँसै धारिलो हतियार प्रहार गरी एक युवकको हत्या भएको छ। घटनामा संलग्न भएको आरोपमा प्रहरीले तीन जनालाई पक्राउ गरेको छ।

पक्राउ पर्नेहरूमा कीर्तिपुर नगरपालिका-९ हनुमानघाट बस्ने २२ वर्षीय आशिष महर्जन, बैतडी डिलासैनी गाउँपालिका-३ घर भई हाल कीर्तिपुर ट्याङ्लाफाँट बस्ने २१ वर्षीय रोशन बोहोरा र कैलाली बर्दगोरिया गाउँपालिका-४ घर भई कीर्तिपुर पाँगा दोबाटो बस्ने २३ वर्षीय रबिन धामी रहेका छन्।

उनीहरूविरुद्ध गुल्मीको धुर्कोट गाउँपालिका घर भई हाल कीर्तिपुरमा बस्दै आएका २४ वर्षीय विपिन घिमिरेको हत्या गरेको आरोप लागेको छ। घटना कीर्तिपुर नगरपालिका-१० पोडेटोल क्षेत्रमा




मंगलबार दिउँसो करिब साढे २ बजे भएको हो।

जिल्ला प्रहरी परिसर काठमाडौंका अनुसार प्रारम्भिक अनुसन्धानमा घटनाअघि आपसी विवाद भएको देखिएको छ। विवादकै क्रममा धारिलो हतियार प्रहार हुँदा घिमिरे गम्भीर घाइते भएका थिए। उनलाई तत्काल कीर्तिपुर अस्पताल पुऱ्याइए पनि चिकित्सकले मृत घोषणा गरेका थिए।

प्रहरीले घटनामा संलग्न अन्य सम्भावित व्यक्तिहरूको खोजी तथा थप अनुसन्धान जारी राखेको जनाएको छ। घटनाले राजधानीमै दिनदहाडै भएको हिंसात्मक अपराधप्रति सुरक्षा चुनौती पुनः उजागर गरेको छ।

"सत्य वस्तुत अन्त सम्म नै सत्य नै रहन्छ !"
- सेक्सपियर

प्रकाशक/सम्पादक
पन्नालाल दास
सम्पर्क नं.:- ९८४५२१७०१९
९८०६८१४३०२

सह-सम्पादक
मुन्ना कुमार

सामाचार सम्पादक
सरोज दास

कानुनी सल्लाहकार
परमहंस केशरी/
श्याम बिहारी कुशवाहा

कम्प्यूटर सेटिङ्ग
म. फरिद

Email: samvahakdaily1@gmail.com
Website: samvahakdaily.com

प्रधान कार्यालय:
कलैया उपमहानगरपालिका
शाखा कार्यालय: कलैया-१, बारा

मुद्रक: शुभ लक्ष्मी अफसेट प्रेस, वीरगंज

# सम्पादकीय ........

## "खेना" सञ्जालको छायाँमा सीमाक्षेत्र, राज्य संयन्त्र कहाँ चुक्दैछ?

बारा सीमाक्षेत्रमा बढ्दो तस्करी गतिविधिको केन्द्रमा 'खेना' नामले चिनिने समूहको प्रभाव स्पष्ट देखिन थालेको छ। भारतको बिहारदेखि पिपरपाती, कवहीगोठ हुँदै कलैयासम्म फैलिएको अवैध सञ्जालमा 'खेना' समूहले मुख्य सञ्चालनकर्ता जस्तै भूमिका खेलेको आरोप स्थानीयस्तरमा बारम्बार उठिरहेको छ। कपडा, चकलेट, काजुदेखि मदिरा र लागुऔषधसम्मका सामग्रीको ओसारपसार एउटै संरचित नेटवर्कमार्फत भइरहेको संकेतले यो सामान्य चोर पैठ नभई संगठित तस्करी भएको पुष्टि गर्छ।

प्रश्न उठ्छ–यस्तो सञ्जाल कसरी यति निर्वाध रूपमा सञ्चालन हुन सक्छ? सीमाक्षेत्रमा सुरक्षा निकायको उपस्थितिका बाबजुद 'खेना' समूहले प्रभाव विस्तार गर्दै जानु केवल तस्करको चातुर्य मात्र होइन, राज्य संयन्त्रको कमजोरी पनि हो। कतिपय स्थानमा मिलेमतोको आशंका उठ्नु र जनस्तरमा अविश्वास बढ्नुले समस्या अझ गम्भीर बनाएको छ। जब निगरानी कमजोर हुन्छ वा जवाफदेहिता हराउँछ, त्यही ठाउँमा यस्ता समूहहरू बलियो बन्छन्।

यता भारतीय सुरक्षा निकाय एसएसबीले मदिरा र अन्य अवैध सामग्रीसहित व्यक्तिहरू पक्राउ गर्दै सक्रियता देखाइरहँदा नेपालतर्फ त्यही स्तर को कडाइ नदेखिनु अर्को चिन्ताको विषय हो। यसले सीमा व्यवस्थापनमा असन्तुलन मात्र होइन, आन्तरिक समन्वय र इच्छाशक्तिको कमी पनि उजागर गर्छ।

'खेना' जस्तो समूहको प्रभाव घटाउन केवल कार बाही पर्याप्त हुँदैन; यसको जरा उखेलेर फाल्न प्रणालीगत सुधार आवश्यक छ। सीमाक्षेत्रमा कडा निगरानी, पारदर्शी सुरक्षा संयन्त्र, संलग्न जो-कोहीमाथि निष्पक्ष कारबाही र प्रविधिमैत्री निगरानी प्रणाली अपरिहार्य छ। अन्यथा, 'खेना' मात्र होइन, यस्ता सञ्जालहरू अझै विस्तार हुँदै जानेछन् र राज्य संयन्त्र कमजोर हुँदै जानेछ।

# सिपमूलक शिक्षाको प्रभाव

समृद्धिको सार व्यक्तिको सिपमा आधारित हुन्छ । हाम्रो शिक्षानीतिको निष्कर्ष सान्दर्भिक छ । शिक्षालाई सिपसँग, सिपलाई श्रमसँग, श्रमलाई उत्पादनसँग र उत्पादनलाई समृद्धिसँग जोडेर नै मुलुकले प्रगतिको मार्ग तय गर्छ । नीतिलाई नतिजामा पुऱ्याउने गरी कार्यान्वयन भएको छैन । समाजवादको आधार पनि सिप र स्वरोजगार हो ।



गोपीनाथ मैनाली




विद्वान् इस्याक आसिमोभका भन्छन्, "विद्यालयको काम भनेको स्वशिक्षालाई सजिलो बनाउने हो, त्यसो गर्न नसके शिक्षाले केही गर्दैन ।" व्यक्तिमा अन्तर्निहित सम्भावना उजागर गर्न नसके शिक्षाको नैसर्गिक उद्देश्य पूरा हुँदैन । विकासयात्रा सुरु गर्दा सिङ्गापुरका नेता ली क्वान युले 'थोरै सिकाउने, धेरै गर्न जान्ने बनाउने' रणनीति लिएका थिए । उनलाई थाहा थियो, मानव पुँजी निर्माणपछि अन्य सम्भावना नभएको आफ्नो मुलुकले समृद्धिको यात्रा गर्ने छ । विकासको पहिलो लहर सुरु गर्न वैचारिक आधार दिने आदम स्मिथको पुस्तक 'वेल्थ अफ नेसन' ले कुनै पनि मुलुकको वास्तविक धन त्यहाँका जनता हुन् भनी मानव पुँजी र शिक्षाको सम्बन्ध उल्लेख गरेको थियो; जुन विचारधारालाई ९० को दशकबाट मानव विकास प्रतिवेदनमार्फत प्रत्येक मुलुकका जनताको शिक्षा र सिपको स्तर हेर्ने सूचक नै निर्धारण गरिएको छ । शिक्षाले व्यक्तिलाई सिप, समाजलाई संस्कार र राष्ट्रका लागि मानव पुँजीको आवश्यकता पूरा गर्नु पर्छ । शिक्षालयले पढ्न मात्र सिकाउने होइन, त्यसो भए त्यो अक्षरको भारी हुन्छ । पढेको कुरा गर्न सिकाउनु शिक्षाको मुख्य अभीष्ट हुनु पर्छ । नागरिक जीवनका लागि चाहिने सिप, जीवन निर्वाहका लागि चाहिने सिप, अरूसँग व्यवहार गर्न र ज्ञानलाई उपयोगितामा पुऱ्याउने सिप नै वास्तविक शिक्षा हो ।

नेपालको संविधान, नीति, कानुनमा सिप शिक्षालाई प्राथमिकता दिए पनि व्यावहारिक रूपमा भने यसले महत्व पाएको छैन । सबै जसो नीतिनिर्माता घोषणा र सङ्कल्प गर्दा निकै उत्साही देखिए पनि कार्यान्वयनमा भने सतही रूपमा प्रस्तुत हुन्छन् । शिक्षाको मुख्य आशय जीवनोपयोगी सिप र संस्कार हो भन्ने देखिएको छैन; केवल ज्ञानमुखी छ; प्रज्ञा निर्माण गर्न सक्ने खालको छैन । परिणामतः शिक्षा स्वयम् व्यक्तिका लागि पनि भारी भएको छ । मानव पुँजी निर्माणको राष्ट्रिय उद्देश्य पूरा भएको छैन । अन्तर्राष्ट्रिय/राष्ट्रिय बजारमा प्रतिस्पर्धी पनि छैन । राज्यले सबैभन्दा बढी राष्ट्रिय स्रोत शिक्षा क्षेत्रमा लगानी गरे पनि त्यो झन्डै बित्थामा खेर गएको छ । यो सामाजिक असमानता, विभेद र नैराश्यको आधार पनि बनेको छ । सामाजिक रूपान्तरण र समृद्धिको लक्ष्य पनि धकेलिँदै गएको छ ।

समृद्धि भएन भने स्वतन्त्रताको कुनै अर्थ रहँदैन, सिप भएन भने शिक्षाले कुनै महत्व राख्दैन । शिक्षाले व्यक्तिलाई सुसंस्कृत र सिपयुक्त बनाएर आफ्नो भविष्य तय गर्ने कालिगड आफैँ हो भन्ने सामर्थ्य र स्वाभिमान दिनु पर्छ । प्रज्ञा, संस्कार र सिप दिनु पर्छ ।

समृद्धिको सार व्यक्तिको सिपमा आधारित हुन्छ । हाम्रो शिक्षानीतिको निष्कर्ष सान्दर्भिक छ । शिक्षालाई सिपसँग, सिपलाई श्रमसँग, श्रमलाई उत्पादनसँग र उत्पादनलाई समृद्धिसँग जोडेर नै मुलुकले प्रगतिको मार्ग तय गर्छ । नीतिलाई नतिजामा पुऱ्याउने गरी कार्यान्वयन भएको छैन ।

समाजवादको आधार पनि सिप र स्वरोजगार हो । सिपमार्फत आर्थिक स्वनिर्भरता निर्माण गरेरै व्यक्तिले मुक्तिको मार्ग तय गर्न सक्छ, ऊ सशक्तीकरणमा पुग्छ । निजत्वको आनन्द लिने सामर्थ्य प्राप्त गर्छ । समाजवाद र समृद्धि सपना होइन, वास्तविकता हो भने सिप र स्वरोजगारी त्यसको आधार हो । नेपालमा आर्थिक रूपमा सक्रिय उमेर समूहको जनसङ्ख्या ६१.९ प्रतिशत भए पनि ती सबै रोजगारीमा संलग्न भई आर्थिक उपयोगिता निर्माणमा छैनन् । ११.४ प्रतिशत जनसङ्ख्या बेरोजगार र ३८.२ प्रतिशत अर्धबेरोजगार छन् । रोजगारीको खोजीमा करिब ६० लाख बिदेसिएका छन्; जसमा १.५ प्रतिशतमात्र दक्ष छन्, ७५.५ प्रतिशत अदक्ष र २३ प्रतिशत अर्धदक्ष छन् । साक्षरताको प्रतिशतमा उल्लेख्य सुधार आएको छ । यसले शिक्षा, सिप र श्रमबिचको स्पष्ट सम्बन्ध माग गरिरहेको देख्न सकिन्छ । शिक्षाका दुई धार छन्- पढेर सिक्ने र गरेर सिक्ने । पढेर सिकिने शिक्षाले ज्ञानका आधारमा सामाजिक तहसोपान बेस्सरी खडा गरेको छ । गरेर सिक्ने शिक्षाले पढाइका साथ वृत्ति र व्यवसाय निर्माण पनि गर्छ । पछिल्लो समयमा विश्वभर नै सिकेर पढ्ने शिक्षालाई प्राथमिकता दिइएको छ । २१ औँ शताब्दीले बहुसिपयुक्त नागरिकको माग गरेको छ । समाज र राष्ट्रका अपेक्षा पूरा गर्न मात्र होइन; आफ्नै आवश्यकता पूरा गर्न, दैनिकी निर्वाह गर्न, व्यवहार तथा व्यवसाय गर्न पनि बहुसिप जरुरी भएको छ । परिवेशले ल्याएका चुनौती सामना गर्न पनि बहुसिप चाहिएको छ । नेपालमा प्रतिवर्ष विद्यालय शिक्षा पूरा गर्ने पाँच लाखभन्दा बढी विद्यार्थीमध्ये चार लाख जति साधारण धारको शिक्षामा जाने गर्छन् । करिब एक लाख जति सिपमुखी शिक्षामार्फत पारिवारिक व्यवसाय र स्वरोजगारीमा जाने गर्छन् । विकासशील मुलुकमा उच्च शिक्षा आर्जन गरेर जागिरमा जानेभन्दा जीवनोपयोगी सिप सिकेर आयमूलक गतिविधि, पारिवारिक व्यवसाय र स्वरोजगारी सिर्जना गरी आर्थिक उपार्जनको आधार तयार गर्ने शिक्षाको आवश्यकता बढी छ । यसो गर्दा स्थानीय सम्भावनालाई उपयोग गर्न सकिन्छ । यो आफ्नो सिपबाट आफ्नै आवश्यकता पूरा गर्ने प्रक्रिया पनि हो । सिप सिकेर जो मुलुकबाहिर जान्छन्, उनीहरू पनि कम जोखिमयुक्त काम गरी धेरै आर्जन गर्ने हैसियत राख्छन् । यी दुवै अवस्थामा स्थानीय आर्थिक व्यवस्था सुदृढ हुन गई राष्ट्रिय अर्थतन्त्र विकासमा योगदान पुग्ने गर्छ ।

नेपालमा राष्ट्रिय शिक्षा पद्धति, २०२८ लागु गर्नुको पछि मूल उद्देश्य परम्परागत टेबुल मानिस उत्पादन गर्ने शिक्षा पद्धतिलाई सिपमूलक शिक्षाले विस्थापन गर्नु थियो, ताकि सामान्य जीवन निर्वाह गर्ने काममा शिक्षित व्यक्ति आफैँ संलग्न रहन सकून् । एक दशक नबित्दै यसलाई असफल घोषित गरियो । राष्ट्रिय शिक्षा पद्धति असफल हुँदा दुई परिणाम देखियो । पहिलो, यसले नयाँ शैक्षिक मूल्य प्रणाली स्थापित गर्न सकेन । दोस्रो, स्थापित मूल्य प्रणाली पनि तहसनहस पाऱ्यो । सिप शिक्षाको महत्व हृदयङ्गम गरी सीमित रूपमा यान्त्रिक कार्यशाला र औद्योगिक तालिम सञ्चालन गरेर न्यून तथा मध्यमस्तरीय जनशक्ति उत्पादन गर्दै आएकोमा २०४५ सालमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमलाई प्राथमिकता दिन कानुन, संरचना र मापदण्ड विकास गरियो । अहिले प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्ले तीन प्रकारका कार्यक्रम सञ्चालन गरिरहेको छ । पहिलो- प्राविधिक शिक्षा कार्यक्रम सञ्चालन (जुन एसइईपछिको १८ महिने प्री डिप्लोमा र तीनबर्से डिप्लोमा तथा प्रमाणपत्र); दोस्रो- व्यावसायिक तालिम (एक हजार ६९६ घण्टासम्मको सिप तालिम र दुईबर्से औद्योगिक तालिम) र तेस्रो- सिप परीक्षण । परम्परागत सिप, रैथाने ज्ञान र त्यसले आधुनिक प्रविधिसँग समागम गरेर आर्जन गरेको व्यावहारिक ज्ञान/सिपलाई पनि परीक्षण गरी मान्यता दिने रणनीति लिइएको छ । परिषद्ले आङ्गिक पोलिटेक्निक शिक्षालय, साझेदारीमा शिक्षालय, सामुदायिक विद्यालय प्राविधिक शिक्षा र निजी तौरबाट गरी विभिन्न ट्रेडका गरेर १२ सय जति स्थानमा प्राविधिक तथा व्यावसायिक शिक्षालय सञ्चालनमा छ । मानव स्रोत विकास केन्द्रबाट सञ्चालित प्राविधिक धारका विद्यालयमार्फत धेरै स्थानीय तहमा सिप शिक्षाको पहुँच विस्तार भइसकेको छ । नेपाल सरकारका विभिन्न मन्त्रालय अन्तर्गत वार्षिक बजेट कार्यक्रममा समावेश गरेर छोटो अवधिको व्यावसायिक तालिम दिइँदै आएको छ भने प्रदेश तथा स्थानीय तह, स्वायत्त संस्था, सामुदायिक तथा गैरसरकारी संस्था पनि व्यावसायिक तालिममा संलग्न भएको देखिन्छ । सरकारी बजेटबाट मात्र वार्षिक करिब १८ अर्ब रुपियाँ यस क्षेत्रमा खर्च भइरहेको छ भने बजेट बाहिरबाट पनि केही अर्ब रुपियाँ खर्च हुने गरेको अनुमान छ । नेपालको आवश्यकताका सन्दर्भमा सिप शिक्षालाई केही सन्दर्भबाट हेर्नु पर्छ । पहिलो- गरिबी निवारणका लागि स्वयम् गरिबलाई परिचालन गर्न विपन्न वर्गलक्षित सिप विकास कार्यक्रम आवश्यक छ । दोस्रो- विद्यालय शिक्षा निःशुल्क भए पनि कक्षा १० पछि विपन्न आर्थिक समुदायका विद्यार्थी माथिल्लो पढाइलाई निरन्तरता दिन नसक्ने अवस्थामा उनीहरूलाई सिप शिक्षाको माध्यमबाट ससाना व्यवसाय र जीविकोपार्जन गतिविधिमा आबद्ध गर्न सकिन्छ । तेस्रो- सिप सशक्तीकरणको आधार हो । महिला, पिछडिएको वर्ग, सामाजिक संरचनामा पिँधतिर परेको समुदायलाई आर्थिक उपार्जनमा आबद्ध गरी उनीहरूभित्रको सम्भावना उजागर गर्दै सबै प्रकारको पराधीनता अन्त्य गर्न पनि यसलाई रणनीतिक रूपमा उपयोग गर्न आवश्यक छ । चौथो- विभिन्न ट्रेडका सिकाइ स्थलले स्थानीय सम्भावना, कच्चा पदार्थको बजारलाई उपयोग गर्ने मानव पुँजी निर्माण गरी मूल्यशृङ्खला विकासमार्फत स्वावलम्बी आर्थिक आधार खडा गर्छ ।

पाँचौँ- स्वदेशी श्रमबजार साँघुरो भएकाले रोजगारीका लागि विदेश जाने व्यक्तिलाई सिपको पहुँच बढाउन सिप शिक्षा चाहिन्छ । छैटौँ- मुलुकलाई विकासशील अवस्थामा स्तरोन्नति गर्न, दिगो विकाससहित मध्यम आय भएको गरिबीमुक्त नेपाल बनाउने र विक्रमको अर्को शताब्दी पुग्दानपुग्दै उच्च आय भएको 'समृद्ध नेपाल सुखी नेपाली' को राष्ट्रिय दीर्घकालीन लक्ष्य प्राप्त गर्न पनि सिप शिक्षा एउटा महत्वपूर्ण जग हो । मानव साधन विकास सबै प्रकारको समस्या समाधान गर्ने एकै उपाय हो । सिपमूलक व्यावसायिक शिक्षा अहिलेको आवश्यकता हो । समग्र शिक्षा प्रणालीकै पुनर्संरचना अनि पुनर्बोधको माग भइरहेको छ । आधारभूत तहमा प्राप्त शिक्षा र सिपले नागरिकको सामान्य जीवनयापनमा सहयोग पुऱ्याउन, माध्यमिक शिक्षाले वृत्ति निर्वाहको सिप दिन र विश्वविद्यालय शिक्षाले प्रतिस्पर्धात्मकता र नवप्रवर्तन विकास दिन सक्नु पर्छ । शिक्षाका यी तीन तहका उद्देश्यका आधारमा नै विद्यालय, महाविद्यालय र विश्वविद्यालयका पाठ्यक्रम, पाठ्यसामग्री, पाठ्यविधि र परीक्षण ढाँचा निर्धारण गर्नु आवश्यक हुन आउँछ ।

# अन्तर्राष्ट्रिय, मनोरञ्जन तथा खेलकुद समाचार

## रुसले युद्धविराम उल्लङ्घन गरेको युक्रेनको आरोप




सियोल, वैशाख २३ गते । रुसले युक्रेनले प्रस्ताव गरेको एकपक्षीय युद्धविरामलाई उल्लङ्घन गर्दै रातभरि ठूला स्तरका ड्रोन र क्षेप्यास्त्र आक्रमण गरेको युक्रेनी अधिकारीहरूले आरोप लगाएका छन् । किएभका अनुसार उक्त आक्रमणले शान्ति प्रयासलाई पुनः कमजोर बनाएको छ । युक्रेनी पक्षका अनुसार रुसले एकै रातमा १०८ वटा लडाकू ड्रोन र तीन वटा क्षेप्यास्त्र प्रहार गरेको थियो । युक्रेनले आह्वान गरेको युद्धविराम मे ६ को मध्यरातदेखि लागु हुने भनिए पनि मस्कोले त्यसलाई स्वीकार गरेको औपचारिक सङ्केत नदिएको बताइएको छ ।

राष्ट्रपति भोलोदिमर जेलेन्स्कीले केही दिनअघि रुसले मे ९ मा हुने विजय दिवस परेडलाई ध्यानमा राख्दै छोटो समयका लागि युद्धविराम घोषणा गरेको बताउनुभएको थियो । तर किएभका अनुसार पछिल्ला आक्रमणले मस्कोको वास्तविक उद्देश्य शान्ति नभई सैन्य प्रदर्शनलाई प्राथमिकता दिने देखाएको छ ।

यसै सन्दर्भमा युक्रेनका विदेशमन्त्री एन्ड्री सिबिगाले सामाजिक सञ्जालमार्फत रुसको कदमको कडा आलोचना गर्दै मस्कोले शान्ति अस्वीकार गरेको र कथित युद्धविरामको आह्वान 'कूटनीतिक नभई प्रचारात्मक' मात्र भएको टिप्पणी गर्नुभयो । उहाँका अनुसार रुसले मानव जीवनभन्दा सैन्य प्रदर्शनलाई प्राथमिकता दिएको स्पष्ट देखिन्छ ।

यसअघि मङ्गलबार मात्र रुसले युक्रेनका विभिन्न सहरमा ड्रोन, मिसाइल र बम आक्रमणको शृङ्खला चलाएको थियो, जसमा कम्तीमा २८ जनाको मृत्यु र दर्जनौं घाइते भएको युक्रेनी पक्षले जनाएको छ । युक्रेनतर्फबाट गरिएको प्रतिआक्रमणमा भने क्रिमियामा पाँच जना र रुसको भित्री क्षेत्रमा लामो दूरीका ड्रोन आक्रमणमा दुई जनाको मृत्यु भएको बताइएको छ ।फेब्रुअरी २०२२ मा रुसले पूर्ण आक्रमण सुरु गरेयता जारी युद्धले युरोपकै सबैभन्दा ठूलो द्वन्द्वको रूप लिएको छ । हालसम्म भएको वार्तामा उल्लेखनीय प्रगति हुन सकेको छैन । रुसले युक्रेनलाई पूर्वी क्षेत्रबाट सेना फिर्ता गर्न र पश्चिमी सैन्य सहयोग अस्वीकार गर्नुपर्ने माग राख्दै आएको छ, जसलाई किएभले आत्मसमर्पण सरहको शर्त भन्दै अस्वीकार गर्दै आएको छ। यसैबिच, रुसको रक्षा मन्त्रालयले राति २१:०० देखि बिहान ०७:०० (१८००-०४०० जिएमटी) बिच ५३ युक्रेनी ड्रोन खसालेको दाबी गरेको छ । यद्यपि किएभको युद्धविराम घोषणा लागु भएपछि ती घटना त्यससँग सम्बन्धित थिए वा थिएनन् भन्नेबारे मस्कोले स्पष्ट विवरण दिएको छैन ।

## एअर इन्डिया दुर्घटनामा विद्युतीय त्रुटिको आशङ्का



जेरुसेलम, वैशाख २३ गते । युद्धविरामको बाबजुद इजरायली सेनाले इरान हेजबुल्लाहसँगको लडाइँ रोक्ने उद्देश्यले गर्ने आक्रमण अघि दक्षिण लेबनानका दर्जनौ गाउँमा नयाँ निकासी आदेश जारी गरेको छ । स्थानिय वासीलाई आफ्नो सुरक्षाका लागि, तुरुन्तै आफ्नो घर खाली गरी सहरबाट कम्तिमा एक हजार मिटर टाढा खुला क्षेत्रमा जान आदेश जारी गर्दै, सेनाका प्रवक्ता अविचाय अद्राईले सामाजिक सञ्जाल एक्समा १२ वटा गाउँको सूची सार्वजनिक गर्नुभएको छ। युद्धविराम सम्झौताको बावजुद, इजरायली सेना र हेजबुल्लाहले प्रायः दक्षिणी लेबनानमा दैनिक गोलाबारी गरेको जनाइएको छ । बुधबारको निकासी चेतावनीमा समावेश गरिएका अधिकांश गाउँ इजरायली सैनिकले कब्जा गरेको क्षेत्र बाहिर लिटानी नदीको उत्तरमा रहेको जनाइएको छ । विज्ञप्तिमा सेनाले आफ्नो वायुसेनाले हिजबुल्लाहले सैन्य उद्देश्यका लागि प्रयोग गरेका संरचनामा आक्रमण गरेको बताएको छ । अमेरिका-इजरायली सैन्य अभियानमा इरानी सर्वोच्च नेता अयातुल्ला अली खामेनीको हत्याको बदलामा हेजबुल्लाहले इजरायलमा रकेट प्रहार गरेपछि मार्चको सुरुमा लेबनान मध्यपूर्व युद्धमा तानिएको थियो ।

## पाठ्यपुस्तकमा...

अनुसार विद्यालय र सीमित बिक्रेताबीच कमिसनको आधारमा 'सिन्डिकेट' जस्तो प्रणाली बनेको छ। विद्यार्थी संख्याका आधारमा २० देखि ४० प्रतिशतसम्म कमिसन लिएर बिक्रेताले आफ्ना पसलमा मात्र उपलब्ध हुने पुस्तक विद्यालय सूचीमा राख्ने गरेको आरोप छ। यसले अभिभावकलाई तोकिएको पसलबाट मात्र उच्च मूल्यमा पुस्तक किन्न बाध्य बनाएको छ।

बजारमा अक्सफोर्ड, पूजा, दृश्यम, सफल, सम्पदा, लर्नमोरलगायतका प्रकाशनका पुस्तकहरू उच्च मूल्यमा बिक्री भइरहेको जनाइएको छ। विशेषगरी नर्सरीदेखि प्रारम्भिक तहसम्मका बालबालिकाका लागि समेत महँगा पुस्तक अनिवार्य बनाइएको छ।

अर्कोतर्फ, अक्सफोर्ड प्रकाशनका नयाँ संस्करण उपलब्ध हुँदाहुँदै पुरानै संस्करणका पुस्तक बेचेर अभिभावक ठगिएको आरोपसमेत उठेको छ। यसले शैक्षिक बजारमा अनियमितता र ठगीको अवस्था सिर्जना गरेको सरोकारवालाहरूको भनाइ छ।

जनकपुरधाम उपमहानगरपालिकाका शिक्षा समिति सदस्य तथा एनप्याब्सन अध्यक्ष दीपक ठाकुरले अनुगमनका क्रममा केही विद्यालयमा मापदण्ड विपरीतका पुस्तक फेला परेको र सचेत गराइएको जानकारी दिएका छन्। अटेर गरे कानुनी कारबाही अघि बढाइने उनले बताएका छन्। तर, अभिभावकमाथिको आर्थिक भार बढ्दै जाँदा पनि नियमनकारी निकायको प्रभावकारी हस्तक्षेप नदेखिएको भन्दै आलोचना बढेको छ। सरकारले भने राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ को पुनरावलोकन गर्ने तयारी भइरहेको जनाएको छ।

## भारतीय...

विवरण स्वयं घोषणा गर्न सक्नेछन् र शुल्क अनलाइन वा बैंकमार्फत तिर्न सकिनेछ। भुक्तानीपछि प्राप्त हुने क्यूआर कोड देखाएर सवारीसाधन नेपाल प्रवेश गर्न सकिने व्यवस्था गरिएको छ। आवश्यक परेमा यात्रा अवधि पनि अनलाइनमार्फत नै थप गर्न सकिनेछ।

यो प्रणाली नेपाल राष्ट्रिय एकद्वार प्रणाली (ल्क्ध) मार्फत विकास गरिएको हो। भन्सार विभागका अनुसार हाल यो सेवा मुख्य रूपमा भारत र बंगलादेशबाट आउने पर्यटकका लागि लागू गरिएको छ भने भविष्यमा अन्य मुलुकका सवारीसाधनका लागि पनि विस्तार गरिनेछ।

सरकारले यो कदमलाई पर्यटकमैत्री सेवा विस्तार, सुशासन प्रवर्द्धन र डिजिटल भन्सार प्रणालीको महत्वपूर्ण उपलब्धि भएको बताएको छ। यसले सीमाक्षेत्रमा हुने भीडभाड घटाउने मात्र नभई राजस्व संकलनलाई पनि थप पारदर्शी बनाउने अपेक्षा गरिएको छ।

## इन्टरपोल...

आरोपसमेत सार्वजनिक भएको थियो।

त्यस्तै, नेपाल टेलिकमको बिलिङ अनियमितता प्रकरणमा तत्कालीन सञ्चार सचिव डा. बैकुण्ठ अर्यालमार्फत भएको निर्णयसँग सम्बन्धित कारोबारलाई पनि शंकास्पद रूपमा हेरिएको जनाइएको छ। बुढानीलकण्ठस्थित देउवा निवासमा जेनजी आन्दोलनका क्रममा भएको आक्रमण र आगजनीपछि जलेका नोटहरू फेला परेको घटनालाई समेत अनुसन्धानको दायरामा राखिएको छ।

सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले उक्त घटनासँग सम्बन्धित प्रमाण संकलन गर्दै मुचुल्का उठाइसकेको छ। देउवा दम्पतीमाथि केन्द्रित यस अनुसन्धानले उच्च तहका राजनीतिक व्यक्तिहरूको आर्थिक पारदर्शिता र जवाफदेहितामाथि पुनः गम्भीर प्रश्न खडा गरेको छ।

## पेस्तोल...

त्यसैगरी घटनामा संलग्न अर्का एक जनालाई काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयको टोलीले पक्राउ गरेको छ। पक्राउ पर्नेमा ललितपुरका हरिकृष्ण महर्जन रहेका छन्।

प्रहरीका अनुसार सामाजिक सञ्जालमा सार्वजनिक भएको भिडियोमा हेलमेट, नकाब र कालो कपडा लगाएका दुई जना व्यक्तिले पसलभित्र प्रवेश गरी एक महिला कर्मचारीमाथि पेस्तोल तेर्साएर लुटपाटको प्रयास गरेको देखिन्छ। तर ती कर्मचारीले प्रतिरोध गरेपछि लुटेराहरू घटनास्थलबाट भागेका थिए।

जिल्ला प्रहरी परिसर काठमाडौंका अनुसार सो दिन उनीहरूले सुनचाँदी लुट्न सफल नभए पनि नजिकैको अर्को पसलमा चोरीको घटनासँग पनि सम्बन्ध हुन सक्ने भन्दै अनुसन्धान अघि बढाइएको छ।

प्रहरीले घटनामा संलग्न समूहको थप संलग्नता र आपराधिक सञ्जालबारे विस्तृत अनुसन्धान जारी राखेको जनाएको छ।

## नेपालमा रासायनिक...

अभाव भइरहेका बेला स्वदेशमै उत्पादन केन्द्र स्थापना गर्ने आवश्यकता झनै बढेको सरोकारवालाहरू बताउँछन्। तर लगानी, प्रविधि र नीतिगत स्पष्टताको अभावले परियोजना अघि बढ्न नसकेको विश्लेषण गरिएको छ।

सरकारले विभिन्न समयमा अध्ययन र छलफल अघि बढाउने बताए पनि ठोस निर्णय नहुँदा मल कारखाना निर्माणको विषय अझै घोषणामै सीमित देखिएको छ।

## नेपाल प्रहरी...

त्यसपछि व्यक्तिगत विवरण तथा बैंक सम्बन्धी जानकारी अनधिकृत रूपमा प्रयोग गरी खाताबाट ठूलो रकम चोरी गर्ने प्रवृत्ति देखिएको प्रहरीले जनाएको छ।

सीआईबीका अनुसार साइबर अपराधीहरूले प्रयोगकर्तालाई आकर्षक सूचना वा चेतावनीका नाममा शंकास्पद लिङ्क पठाउने र त्यसमा क्लिक गराएपछि बैंकिङ विवरणमा पहुँच पुऱ्याउने गरेका छन्।

प्रहरीले यस्ता अनधिकृत लिङ्क नखोल्न, व्यक्तिगत बैंक विवरण कसैसँग साझा नगर्न तथा शंकास्पद सन्देश प्राप्त भएमा तत्काल सम्बन्धित निकायमा जानकारी गराउन आग्रह गरेको छ।

सीआईबीका प्रवक्ता दिलीपकुमार गिरीले साइबर अपराधको जोखिम तीव्र रूपमा बढेकाले जनचेतना नै यसको मुख्य रोकथाम हुने बताउनुभएको छ।

जनहितमा जारी सन्देश

"बाल विवाह गैरकानुनी मात्र होइन, बालबालिकाको भविष्यमाथि प्रहार हो ।"

हामी सबैको कर्तव्य हो-


- बालबालिकालाई विद्यालय पठाउने ।
- उनीहरुको निर्णय लिन सक्ने उमेरसम्म कुर्ने ।
- बाल विवाहको विरोध गर्ने ।

"बाल विवाह होइन, शिक्षा र अवसर हाम्रो अधिकार"

"छोरी होस् वा छोरा-बाल विवाहबाट बचाऔँ, भविष्य उज्यालो बनाऔँ"

विश्रामपुर गाउँपालिका
द्वारा जनहितमा जारी सन्देश ।


तातो हावा वा लू बाट बच्ने उपायहरु



- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

कलैया उपमहानगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।


तातो हावा वा लू बाट बच्ने उपायहरु



- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

महागढीमाई नगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।


तातो हावा वा लू बाट बच्ने उपायहरु



- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

निजगढ नगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।

तातो हावा वा लू बाट बच्ने उपायहरु



- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

जीतपुरसिमरा उपमहानगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।

# सरकारद्वारा १२ ट्रेड युनियनको दर्ता खारेज, अध्यादेश कार्यान्वयन सुरु

*काठमाडौं, वैशाख २३।*
सरकारले निजामती तथा स्वास्थ्य क्षेत्रसँग सम्बन्धित १२ वटा ट्रेड युनियनको दर्ता खारेज गरेको छ। श्रम तथा व्यवसायजन्य सुरक्षा विभागले बुधबार पञ्जिकाधिकारीको निर्णयमार्फत निजामती सेवा ऐन २०४९ अन्तर्गत दर्ता भएका ८ वटा र स्वास्थ्य सेवा ऐनअन्तर्गत दर्ता भएका ४ वटा ट्रेड युनियनको दर्ता खारेज गरेको हो।

सरकारले यसअघि केही नेपाल ऐन संशोधन गर्न बनेको अध्यादेश जारी गर्दै दलगत निजामती कर्मचारी संगठन तथा राष्ट्रिय स्तरका ट्रेड युनियन खारेज गर्ने व्यवस्था गरेको थियो। सोही व्यवस्थाअनुसार विभागले औपचारिक रूपमा दर्ता खारेज प्रक्रिया अघि बढाएको जनाएको छ।



दर्ता खारेज गरिएका निजामतीतर्फका संगठनमा नेपाल निजामती कर्मचारी संगठन, नेपाल निजामती कर्मचारी युनियन, नेपाल राष्ट्रिय निजामती कर्मचारी संगठन, नेपाल मधेसी निजामती कर्मचारी मञ्च, नेपाल स्वास्थ्यकर्मी संघ, मधेसी स्वास्थ्यकर्मी फोरम नेपाल, एकीकृत सरकारी कर्मचारी संगठन नेपाल र स्वतन्त्र राष्ट्रसेवक कर्मचारी संगठन नेपाल रहेका छन्। त्यसैगरी स्वास्थ्य सेवा ऐनअन्तर्गत दर्ता भएका नेपाल स्वास्थ्यकर्मी युनियन, स्वास्थ्यकर्मी युनियन नेपाल, राष्ट्रिय स्वास्थ्यकर्मी संघ नेपाल र राष्ट्रिय प्रगतिशील स्वास्थ्यकर्मी संगठनको दर्ता पनि खारेज गरिएको छ। सरकारको यो निर्णयसँगै निजामती तथा स्वास्थ्य क्षेत्रका ट्रेड युनियन संरचनामा महत्वपूर्ण परिवर्तन आउने देखिएको छ।

# नेपाल-चीन सम्बन्ध थप सुदृढ बनाउने सहमति, सामाजिक विकास क्षेत्रमा सहकार्य विस्तार हुने

*काठमाडौं, वैशाख २३।*
नेपाल र जनवादी गणतन्त्र चीनबीचको सम्बन्धलाई अझ मैत्रीपूर्ण, सौहार्दपूर्ण र परिणाममुखी बनाउने विषयमा उच्चस्तरीय छलफल भएको छ। महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री सीता वादी र नेपालका लागि चीनका राजदूत चाङ माओमिङबीच मन्त्रालयमा शिष्टाचार भेटवार्ता भएको हो।



भेटमा नेपाल-चीनबीच रहेको ऐतिहासिक तथा आपसी विश्वासमा आधारित सम्बन्धलाई थप सुदृढ बनाउने विषयमा विस्तृत छलफल भएको मन्त्रालयले जनाएको छ। उक्त अवसरमा मन्त्री वादीले नेपाल 'एक चीन नीति'प्रति दृढ प्रतिबद्ध रहेको दोहोऱ्याउँदै चीनसँगको सहकार्यलाई सामाजिक विकास, महिला सशक्तीकरण, बाल अधिकार संरक्षण, ज्येष्ठ नागरिक सेवा तथा अपाङ्गता भएका व्यक्तिहरूको अधिकार प्रवर्द्धनका क्षेत्रमा विस्तार गर्न सकिने बताइन्।

मन्त्री वादीले नेपाल-चीन सम्बन्धलाई अझ परिणाममुखी बनाउन आफ्नो मन्त्रालय सक्रिय रूपमा भूमिका खेल्न प्रतिबद्धता पनि व्यक्त गरिन्। भेटमा स्थानीय नेपाली महिलाद्वारा उत्पादित सामग्रीको प्रवर्द्धन, बजार पहुँच विस्तार, नमूना ज्येष्ठ नागरिक हेरचाह केन्द्र स्थापना तथा अपाङ्गता भएका व्यक्तिहरूका लागि आवश्यक सहायक सामग्री उपलब्ध गराउने विषयमा समेत छलफल भएको थियो।

चीनका राजदूत चाङ माओमिङले नेपालसँगको दीर्घकालीन मैत्रीपूर्ण सम्बन्धलाई उच्च महत्व दिँदै सामाजिक क्षेत्रको विकासमा सहकार्यलाई अझ विस्तार गर्दै लैजाने विश्वास व्यक्त गरेका छन्। उनले महिला, बालबालिका तथा ज्येष्ठ नागरिकको संरक्षण र सशक्तीकरणमा चीनले नेपालसँग सहकार्यलाई निरन्तर अघि बढाउने प्रतिबद्धता जनाएका छन्।

समग्रमा, यो भेटले नेपाल-चीनबीच सामाजिक विकास केन्द्रित सहकार्यलाई थप संस्थागत र विस्तार गर्ने संकेत दिएको छ।

# इन्टरपोलमार्फत रेड कर्नर नोटिसमा देउवा दम्पतीमाथि सम्पत्ति शुद्धीकरण अनुसन्धान तीव

*२४ वैशाख, काठमाडौं।*
सम्पत्ति शुद्धीकरणसम्बन्धी गम्भीर आरोपका बीच पूर्वप्रधानमन्त्री शेरबहादुर देउवा र उनकी पत्नी आरजु राणा देउवामाथि इन्टरपोलमार्फत रेड कर्नर नोटिस जारी गरिएको विषयले देशीय राजनीतिमा हलचल उत्पन्न गरेको छ। सम्बन्धित निकायले अन्तर्राष्ट्रिय समन्वय बढाउँदै उनीहरूको खोजी तथा कानुनी प्रक्रियामा उपस्थित गराउने पहल अघि बढाएको जनाइएको छ।



पक्राउ पुर्जी जारी भएपछि देउवाले सार्वजनिक वक्तव्य जारी गर्दै आफू "खुला किताब" रहेको दाबी गरेका छन्। उनले सम्पत्तिसम्बन्धी आरोपहरू भ्रामक र झुटा भएको उल्लेख गर्दै सार्वजनिक पदमा रहँदा आवश्यक विवरण सरकारी निकायमा बुझाइसकेको बताएका छन्। उपचारका लागि विदेश गएको जानकारी दिएका उनले हाल आफू कुन देशमा छन् भन्ने खुलाएका छैनन्।

यस प्रकरणमा देउवा परिवारसँग सम्बन्धित प्रदीप शमशेर जबरा, भूषण राणा, जयवीर देउवा लगायत व्यक्तिहरूको आर्थिक कारोबारमाथि पनि अनुसन्धान जारी रहेको बताइएको छ। आरजु राणा देउवाको नाम यसअघि नक्कली भुटानी शरणार्थी प्रकरणसँग जोडिएको

बाँकी तेस्रो पृष्ठमा

# नेपालमा रासायनिक मल कारखाना: भारतको सहयोग घोषणा

*२३ वैशाख, काठमान्डौं।*
नेपालमा रासायनिक मल कारखाना स्थापना गर्ने विषय पुनः बहसमा आएको छ। भारतले नेपालमा मल कारखाना खोल्न आवश्यक सहयोग गर्न तयार रहेको बताउँदै आएको भए पनि उक्त योजना ठोस रूपमा अघि बढ्न सकेको छैन। भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले नेपाल भ्रमणका क्रममा रासायनिक मल कारखाना स्थापना गर्न भारतले प्राविधिक तथा आर्थिक सहयोग गर्ने आश्वासन दिएका थिए। तर त्यसपछि पनि परियोजना कार्यान्वयनतर्फ स्पष्ट प्रगति देखिएको छैन।




नेपालमा मल कारखाना स्थापना गर्ने विषय राजनीतिक दलहरूको चुनावी एजेन्डामा समेत बारम्बार समावेश हुँदै आएको छ। हालैको निर्वाचनअघि केही दलहरूले कृषि उत्पादन वृद्धि र लागत घटाउन स्वदेशमै मल उत्पादन गर्ने प्रतिबद्धता जनाएका थिए। विशेषगरी कृषि क्षेत्रमा मलको चरम

बाँकी तेस्रो पृष्ठमा

# पेस्तोल देखाएर सुनचाँदी पसल लुट्ने प्रयास,तीन जना पक्राउ

काठमाडौं, वैशाख २३।
काठमाडौंको इन्द्रचोकस्थित एक सुनचाँदी पसलमा पेस्तोल देखाएर लुटपाट गर्ने प्रयास गरेको घटनामा प्रहरीले तीन जनालाई पक्राउ गरेको छ।

वैशाख १७ गते इन्द्रचोकस्थित नैना एन्ड इसन ज्वेलर्समा लुटपाटको प्रयास भएको घटनामा संलग्न भएको आरोपमा दुई जनालाई पक्राउ गरिएको जिल्ला प्रहरी परिसर काठमाडौंले जनाएको छ। पक्राउ पर्नेमा विकेश राजवाहक र अरूण भुजेल रहेका छन्। उनीहरूबाट एक थान पेस्तोल समेत बरामद गरिएको प्रहरीले जनाएको छ।




बाँकी तेस्रो पृष्ठमा


# नेपाल प्रहरीको चेतावनी : अनधिकृत लिङ्क नखोल्न आग्रह, फिसिङमार्फत बैंक खाताबाट रकम चोरी बढ्दै

*काठमाडौं, वैशाख २३।*
नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) ले विद्युतीय कारोबार तथा मोबाइल एप प्रयोग गरी बैंक तथा वित्तीय संस्थाका खाताबाट रकम चोरी हुने घटना बढ्दै गएको भन्दै सर्वसाधारणलाई सतर्क रहन आग्रह गरेको छ।




ब्युरोका अनुसार हाल विभिन्न व्यक्तिको मोबाइलमा कनेक्ट आईपीएससँग मिल्दोजुल्दो नाम राखेर वा झुटा सूचना (एलर्ट) पठाई प्रयोगकर्तालाई फिसिङ लिङ्कमा फसाउने प्रयास भइरहेको पाइएको छ।

बाँकी तेस्रो पृष्ठमा

तातो हावा वा लू बाट बच्ने उपायहरु

- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हनबाट जोगाउँछ ।

सुवर्ण गाउँपालिका
द्वारा जनहितमा जारी सन्देश ।

तातो हावा वा लू बाट बच्ने उपायहरु

- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हनबाट जोगाउँछ ।

फेटा गाउँपालिका
द्वारा जनहितमा जारी सन्देश ।

तातो हावा वा लू बाट बच्ने उपायहरु

- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हनबाट जोगाउँछ ।

परवानीपुर गाउँपालिका
द्वारा जनहितमा जारी सन्देश ।

तातो हावा वा लू बाट बच्ने उपायहरु

- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हनबाट जोगाउँछ ।

कोल्हवी नगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।